apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र



राास्वपा सांसदसँग छैन प्रधानमन्त्रीलाई सोध्ने प्रश्न

समाचार ३ पृष्ठ

● वर्षः १२ ● अंकः २१९ ● पृष्ठः ४ ● ०९ भदौ २०८३ मंगलबार (25 August 2026, Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## भूमिप्रशासन कार्यालयकै परिसरमा वर्षौंदेखि होटल र पसल

शुभ नारायण कामती
सिरहा, भदौ ०८ गते





सिरहा सदरमुकामस्थित भूमिप्रशासन कार्यालयको कम्पाउण्डभित्र टहरा निर्माण गरी वर्षौंदेखि होटल, फोटोकपी तथा अन्य पसल सञ्चालन हुँदै आएका छन् । सरकारी कार्यालयको परिसरमै निजी व्यवसाय सञ्चालन भइरहे पनि ती संरचना निर्माण तथा व्यवसाय सञ्चालनको कानुनी आधारबारे स्पष्टता देखिएको छैन ।

कार्यालय परिसरभित्र निर्माण गरिएका टहरामा होटल, फोटोकपी तथा अन्य पसल सञ्चालनमा रहेका छन् । लामो समयदेखि ती संरचना प्रयोगमा रहे पनि कार्यालय परिसरमा निजी व्यवसाय सञ्चालनका लागि कुन प्रक्रिया र कानुनी आधारमा अनुमति दिइएको हो भन्ने विषय स्पष्ट हुन सकेको छैन ।

सरकारी कार्यालयको परिसरमा निर्माण गरिएका यस्ता संरचना हटाउने प्रयास यसअघि पनि गरिएको भूमिप्रशासन कार्यालय सिरहाका प्रमुखले स्वीकार गरेका छन् । उनका अनुसार कार्यालयले ती पसल तथा संरचना हटाउन प्रयास गरे पनि तत्काल सफल हुन सकेको छैन ।

कार्यालय प्रमुखले अब पुनः आवश्यक पहल गरी कार्यालय परिसरमा रहेका त्यस्ता संरचना हटाउने प्रक्रिया अघि बढाइने बताए । उनले सरकारी कार्यालयको परिसरलाई व्यवस्थित बनाउन आवश्यक कदम चालिने जानकारी दिए ।

सरकारी तथा सार्वजनिक जग्गाको संरक्षणका विषयमा गृह मन्त्रालयले समेत जिल्ला प्रशासन कार्यालयहरूलाई अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्न निर्देशन दिँदै आएको छ ।

गृह मन्त्रालयले २०८३ वैशाख १६ गते ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गर्दै सम्बन्धित निकायको सहयोग र समन्वयमा जिल्लामा रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गर्न तथा त्यस्ता जग्गामा रहेको अतिक्रमण हटाउने योजना सम्बन्धित निकायबाट माग गरी मन्त्रालयमा पठाउन निर्देशन दिएको थियो ।

मन्त्रालयको पत्रअनुसार अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा

बाँकी पृष्ठ ३

## सांसद शिवशंकर यादवको चेतावनीः सरकारले जेनजी आन्दोलन बेवास्ता गरे सडकको बाटो रोज्छौँ

अपन दैनिक संवाददाता
सिरहा, भदौ ०८ गते



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद शिवशंकर यादवले जेनजी आन्दोलनमा पक्राउ परेर थुनामा रहेकाहरूलाई थुनामुक्त गराउन माग गरेका छन् ।

सोमबारको प्रतिनिधिसभा बैठकमा उनले तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारसँग भएको सम्झौता कार्यान्वयको माग गरे ।

२०८२ भदौ २३ र २४ को आन्दोलन सत्ताप्राप्ति र पार्टी बनाउनका लागि मात्रै नभएको बताए । उनले विधिको शासन र परिवर्तनका लागि आन्दोलन भएको स्मरण गरे ।

यादवले जेनजी आन्दोलनको अपनत्व सरकारले लिनुपर्ने माग राखे । नभए सडकको बाटो रोज्ने चेतावनी दिए ।

"यो सरकारले हाम्रो आन्दोलनको बेवास्ता गरेर हिँड्यो भने हाम्रो जेनजी साथीहरूको बाटो सदन होइन, सडक नै हुनेछ भन्ने गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु" उनले भने ।

## रक्षाबन्धनको रौनकले गुञ्जियो मधेश, बजारदेखि बस्तीसम्म पर्वको उत्साह

अपन दैनिक संवाददाता
राजविराज, भदौ ०८ गते



साउन शुक्ल पूर्णिमा नजिकिँदै जाँदा मधेश प्रदेशका जिल्लामा रक्षाबन्धन पर्वको चहलपहल बढेको छ । दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेम, विश्वास र आत्मीयताको प्रतीक मानिने रक्षाबन्धनको तयारीसँगै बजार, गाउँ-टोल र बस्तीमा पर्वसँग सम्बन्धित गीत तथा धुन गुञ्जिन थालेका छन् ।

पर्व नजिकिएसँगै सहरदेखि ग्रामीण क्षेत्रसम्मका पान पसल, किराना पसल तथा सार्वजनिक स्थलमा रक्षाबन्धनका गीत बज्न थालेका छन् । सामान्य दिनमा विभिन्न किसिमका गीत-सङ्गीत सुनिने स्थानमा अहिले पर्वको माहोल झल्काउने धुनले प्राथमिकता पाउन थालेको छ ।

सप्तरीको रूपनी गाउँपालिका-२ का देवनारायण साहका अनुसार केही दिनयता बजार क्षेत्रमा रक्षाबन्धनका गीतको प्रभाव बढेको छ । "ग्राहकहरूले पनि रक्षाबन्धनकै गीत सुन्न रुचाउँछन् । पर्व नजिकिएसँगै बजारको वातावरण नै फेरिएको छ," उनले बताए ।

स्थानीय एफएम रेडियोमा समेत रक्षाबन्धनका गीतको माग बढेको छ । एफएम सञ्चालक दीपक गुप्ताका अनुसार श्रोताबाट रक्षाबन्धनसम्बन्धी गीत बजाउन आग्रह आउने क्रम बढेको छ । पर्व नजिकिँदै जाँदा श्रोताको रुचि पनि त्यसैअनुसार परिवर्तन भएको उनले बताए ।

यता, दाजुभाइ तथा दिदीबहिनी पर्वको तयारीमा जुटिसकेका छन्। राजविराज-७ की रञ्जुकुमारी रक्षाबन्धनका लागि आवश्यक सामग्रीको जोहोमा व्यस्त छिन् । उनका अनुसार दिदीबहिनीले भाइका लागि राखी, मिठाइ तथा अन्य सामग्रीको तयारी गर्ने र भाइहरूले दिदीबहिनीलाई उपहार दिने चलनले पर्वलाई थप विशेष बनाउने गरेको छ ।

रक्षाबन्धन नजिकिएसँगै बजारमा राखी तथा पर्व लक्षित सामग्रीको

बाँकी पृष्ठ ३

## 'हेरिटेज वाक'मा अटेरी गर्दै बजार

अपन दैनिक संवाददाता
जनकपुरधाम, भदौ ०८ गते

सरकारी लगानीमा जनकपुरको प्रसिद्ध गंगासागर पोखरीको पश्चिमपट्टि निर्माण गरिएको हेरिटेज वाकमा अटेरी गर्दै बजार लगाइएको छ । हेरिटेज वाकलाई नै प्रभावित पार्ने गरी त्यहाँ जबर्जस्ती पसलहरू थप्ने क्रम बढेको छ ।

जनकपुर उपमहानगरका तत्कालीन प्रमुख लालकिशोर साहको कार्यकालमा दुई चरणमा करिब १ करोड रुपैयाँको लागतमा गंगासागर र धनुषसागरको बीच भागमा हेरिटेज वाक निर्माण गरिएको थियो । साहका अनुसार जनकपुर घुम्न आउने पर्यटकले दिनको ४-५ घण्टा घुमफिर गर्ने उद्देश्यले बनाइएको हेरिटेज वाकमा बजार लगाउनु उचित छैन ।

'रामाकालीन दुई पोखरी गंगासागर र धनुषसागरको डिलमा बनाइएको हेरिटेज वाकलाई पूर्ववत् अवस्थामा फर्काउनुपर्छ,' जनकपुरका पूर्वप्रमुख साहले भने, 'राज्यको लगानीको उपलब्धि देखिएन । बजार तुरुन्त खाली गर्नुपर्छ ।'

०७९ को स्थानीय निर्वाचनको

बाँकी पृष्ठ ४

## संघीय सरकारको सहमतिबिनै भारत भ्रमणमा मधेशका मुख्यमन्त्री



अपन दैनिक संवाददाता
सिरहा, भदौ ०८ गते

मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादव संघीय सरकारको सहमति नलिई भारत भ्रमणमा गएको विषय सार्वजनिक भएको छ । मुख्यमन्त्री यादव भने आफ्नो भ्रमण व्यक्तिगत तथा धार्मिक प्रकृतिको भएकाले संघीय सरकारको सहमति आवश्यक नपरेको बताएका छन् ।

प्रदेश सरकारका गृहमन्त्री फकिरा महतोका अनुसार मुख्यमन्त्री यादव गत शुक्रबार भारतको देवघरस्थित बाबा वैद्यनाथ धाम (बाबाधाम) भ्रमणका लागि भारत गएका हुन् । उनीसँग प्रदेश सरकारका केही मन्त्री र स्वकीय सचिवसमेत रहेको महतोले जानकारी दिए ।

मुख्यमन्त्री यादव भारत भ्रमणका क्रममा धार्मिक तथा सांस्कृतिक कार्यक्रममा सहभागी भएको स्रोतले जनाएको छ । उनी आइतबार राति नै मधेश प्रदेश फर्किएका छन् ।

विदेश भ्रमणका विषयमा प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीले संघीय सरकारसँग समन्वय र स्वीकृति लिने अभ्यास रहँदै आएको छ । यसअघि मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउत र सतिश सिंहको विदेश भ्रमणका लागि संघीय सरकारबाट स्वीकृति दिइएको निर्णयसमेत सार्वजनिक अभिलेखमा रहेको बताइएको छ ।

यद्यपि, मुख्यमन्त्री यादवको पछिल्लो भ्रमणका सम्बन्धमा संघीय सरकारबाट भारत भ्रमणका लागि कुनै निर्णय नभएको बताइएको छ । यसले प्रदेश सरकार र संघीय सरकारबिचको समन्वय तथा विदेश भ्रमणसम्बन्धी

बाँकी पृष्ठ ३





**मधेश प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**

### पूर्वाधार विकास कार्यालय, सिरहा

**सडक मर्मत सम्भार कामदार/समुह आवश्यकता सम्बन्धी सार्वजनिक सूचना**

सूचना प्रकाशन मितिः २०८३/०५/०९ गते

यस पूर्वाधार विकास कार्यालय, सिरहाले तेतरिया-गोलबजार महेन्द्र राजमार्ग-अर्नमा गा.पा-लडकन्हा-खजनपुर-कमलपुर बोर्डर सडक र सिरहा-सिकाज्योती-माडर सडकको नियमित मर्मत सम्भार कार्यको लागि सडक मर्मतसम्भार कार्यकर्ता १/१ जना संख्यामा आवश्यक भएको हुनाले यस कार्यालयले मिति २०८३/०५/०९ गते सूचना प्रकाशन गरेको छ । विस्तृत जानकारीको लागि कार्यालयको Website:- idosiraha.madhesh.gov.np मा गएर जानकारी लिनुहुन अनुरोध छ ।

**पूर्वाधार विकास कार्यालय, सिरहा**

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

# करेन्टको बढ्दो जोखिमवीच खतरामा नागरिकको जीवन

सिरहासँगै मधेश प्रदेशका आठ वटै जिल्लामा दैनिक जसो करेन्ट लागेको घटनाहरु बाहिरिने गर्छ। विद्युत् आधुनिक जीवनको अपरिहार्य आवश्यकता हो। घरदेखि उद्योग, कृषि, सञ्चारदेखि शिक्षा र स्वास्थ्यसम्म विद्युत्तबिना आजको समाजको कल्पना गर्न सकिँदैन । तर यही विद्युत् सावधानीको अभाव, कमजोर पूर्वाधार र नियमनको कमजोरीका कारण नागरिकका लागि ज्यानमारा जोखिम पनि बन्दै गएको छ। नेपाल प्रहरीको पछिल्लो तथ्यांकले यसतर्फ गम्भीर ध्यानाकर्षण गराएको छ। आर्थिक वर्ष २०७३/७४ देखि २०८२/८३ सम्म करेन्ट लागेर ५७४ जनाले ज्यान गुमाएका छन्। मृतकमध्ये ३७२ पुरुष, १११ महिला र ९१ बालबालिका छन् । २०७३/७४ मा करेन्ट लागेर मृत्यु हुनेको संख्या १७ रहेकामा २०८२/८३ मा ११७ पुगेको छ । अर्थात् एक दशकको अवधिमा यस्तो मृत्यु झन्डै सात गुणाले बढेको छ ।

यसरी वृद्धि भईरहेको संख्याको वृद्धि होइन, राज्यको सुरक्षा प्रणालीप्रतिको प्रश्न पनि हो। अझ बालबालिकाको मृत्यु २ बाट २३ पुगेको छ, जुन ११.५ गुणाको वृद्धि हो। पुरुषको मृत्यु ९ बाट ७२ र महिलाको मृत्यु ६ बाट २२ पुगेको छ । यसले विद्युत् दुर्घटनाको जोखिम समाजका विभिन्न वर्गमा फैलिँदै गएको देखाउँछ। नेपाल विद्युत् प्राधिकरणका अधिकारीले लापरवाही, विशेषगरी सिँचाइका लागि प्रयोग हुने असुरक्षित तार, मुसाले काटेका तार, लुज तार र रातको समयमा मोटर चलाउँदा हुने जोखिमलाई दुर्घटनाको प्रमुख कारण मान्ने गरेको छ। यसमा नागरिकको सावधानी महत्वपूर्ण भए पनि सम्पूर्ण दोष नागरिकमाथि थोपरेर राज्य उम्किन मिल्दैन। विद्युत् जस्तो उच्च जोखिमयुक्त सेवाको सुरक्षित प्रयोग सुनिश्चित गर्ने जिम्मेवारी विद्युत् प्राधिकरण, स्थानीय तह र राज्यका नियामक निकायको पनि उत्तिकै हो।

ग्रामीण क्षेत्रमा सिँचाइको विद्युतीकरण बढ्दै जानु सकारात्मक हो । तर विद्युतीकरणसँगै सुरक्षित तार, उचित अर्थिङ, सुरक्षित पोल, गुणस्तरीय उपकरण, नियमित निरीक्षण र प्रयोगकर्तालाई आवश्यक प्राविधिक जानकारी नदिइएमा विकास नै दुर्घटनाको कारण बन्न सक्छ । खेतमा लगिएको अस्थायी तारदेखि घरआँगन र सडकछेउका खुला विद्युत् संरचनासम्म राज्यको निगरानी आवश्यक छ । सबैभन्दा दुःखद पक्ष भनेको करेन्ट लागेर मृत्यु हुने परिवारका लागि क्षतिपूर्तिको स्पष्ट र प्रभावकारी व्यवस्था नहुनु हो । परिवारको कमाउने सदस्य गुमेपछि आर्थिक तथा मानसिक रूपमा तहसनहस हुने परिवारलाई राज्यले केवल 'सचेत रहनू' भनेर छोड्नु न्यायोचित हुँदैन । दुर्घटना नागरिकको लापरवाहीका कारण भएको हो वा विद्युत् संरचनाको कमजोरीका कारण, त्यसको निष्पक्ष छानबिन हुनुपर्छ। राज्य वा सेवा प्रदायकको कमजोरी प्रमाणित भएमा पीडित परिवारले उचित क्षतिपूर्ति पाउने सुनिश्चितता हुनुपर्छ।

त्यससँगै करेन्ट दुर्घटना न्यूनीकरणका लागि विद्यालयस्तरदेखि समुदायसम्म नियमित विद्युत् सुरक्षा शिक्षा आवश्यक छ । विद्युत् प्राधिकरणले स्थानीय तहसँग समन्वय गरी जोखिमयुक्त क्षेत्रमा सचेतना अभियान चलाउनुपर्छ। साथै असुरक्षित तार र संरचनाको नियमित निरीक्षण, मर्मत तथा तत्काल व्यवस्थापनलाई प्राथमिकता दिनुपर्छ। सिँचाइका लागि विद्युत् प्रयोग गर्ने किसानलाई सुरक्षित वायरिङ र उपकरण प्रयोगसम्बन्धी व्यावहारिक तालिम दिनु पनि उत्तिकै आवश्यक छ। विद्युत् दुर्घटनालाई 'भाग्यको खेल' वा 'नागरिकको सामान्य लापरवाही' भनेर बेवास्ता गर्ने हो भने मृत्युको यो बढ्दो ग्राफ रोकिने छैन। पछिल्लो एक दशकको तथ्यांक आफैंमा चेतावनीको घण्टी हो। विशेषगरी बालबालिकाको मृत्युमा देखिएको ११.५ गुणाको वृद्धि अझ गम्भीर संकेत हो। अब जवाफदेहिता प्राधिकरण र सरकारको नै हो । विद्युत् विस्तारसँगै विद्युत् सुरक्षाको विस्तार पनि हुनुपर्छ। नागरिकलाई सुरक्षित विद्युत् सेवा उपलब्ध गराउने, जोखिमपूर्ण संरचना हटाउने, नियमित अनुगमन गर्ने र दुर्घटनाका पीडितलाई न्याय तथा क्षतिपूर्तिको व्यवस्था गर्ने दायित्व राज्यले लिनुपर्छ। विद्युत् विकासको मापन कति घरमा बिजुली पुग्यो भनेर हुँदैन्। बिजुलीका कारण कति जीवन सुरक्षित छन् भन्नेबाट पनि हुनुपर्छ। करेन्टले ज्यान लिनु नियति होइन; धेरै दुर्घटना रोक्न सकिन्छ। त्यसका लागि नागरिकको सचेतनासँगै राज्यको जिम्मेवारी, विद्युत् प्राधिकरणको जवाफदेहिता र सुरक्षित पूर्वाधार अपरिहार्य छ। अब पनि तथ्यांकलाई केवल तथ्यांकका रूपमा हेर्ने हो भने अर्को वर्ष अझ धेरै परिवारले आफ्ना प्रियजन गुमाउनुपर्नेछ। त्यसैले करेन्टबाट हुने मृत्यु रोक्ने अभियानलाई तत्काल राष्ट्रिय प्राथमिकताको विषय बनाउनु आवश्यक छ।

# रौतहटबाट मधेश सरकारका मुख्यमन्त्रीसहित तीन मन्त्री, तर गौर अस्पतालमा छैन सीटी स्क्यानको सुविधा



मधेश प्रदेश सरकारमा मुख्यमन्त्रीसहित अर्थ र स्वास्थ्य मन्त्रालयको जिम्मेवारी रौतहटका तीन जना नेताले पाउनु जिल्लाका लागि राजनीतिक दृष्टिले सुखद संयोगका रूपमा देखिएको छ । मुख्यमन्त्रीमा कृष्णप्रसाद यादव, अर्थमन्त्रीमा युवराज भट्टराई 'समीर' र स्वास्थ्यमन्त्रीमा नागेन्द्र साह रहनु रौतहटवासीका लागि महत्वपूर्ण अवसरका रूपमा हेरिएको छ।

तर, राजनीतिक रूपमा महत्वपूर्ण अवसर प्राप्त हुँदासमेत जिल्लाको स्वास्थ्य सेवा अपेक्षाअनुसार सुधार हुन नसकेको गुनासो बढ्दै गएको छ।

रौतहटको स्वास्थ्य क्षेत्रको अवस्था नियाल्दा सबैभन्दा खड्किने विषयमध्ये एक हो, सरकारी अस्पतालमा अत्यावश्यक सीटी स्क्यान सेवाको अभाव । जिल्ला सदरमुकाम गौरमा आधुनिक र आकर्षक अस्पताल भवन निर्माण भए पनि गम्भीर प्रकृतिका बिरामीका लागि आवश्यक सीटी स्क्यान सेवा उपलब्ध नहुँदा उपचारका लागि वीरगञ्ज, जनकपुर वा सीमावर्ती भारतीय सहरसम्म पुग्नुपर्ने बाध्यता कायमै छ।

**गौर अस्पताललाई शिक्षण अस्पताल बनाउनुपर्ने माग**

नागरिक समाजका सचिव विजयकिशोर झाले गौर प्रादेशिक अस्पताललाई मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको शिक्षण अस्पतालका रूपमा विकास गर्न पहल गर्नुपर्ने बताएका छन्।

उनका अनुसार गौर अस्पताललाई प्रतिष्ठानसँग आबद्ध गर्न सके विशेषज्ञ चिकित्सकको उपलब्धता, उपचार सेवा तथा स्वास्थ्य शिक्षाको वातावरणमा उल्लेख्य सुधार ल्याउन सकिन्छ।

**तीन मन्त्री, तर स्वास्थ्य सेवामाथि प्रश्न**

एउटै जिल्लाबाट प्रदेश सरकारको नेतृत्वसहित अर्थ र स्वास्थ्यजस्ता महत्वपूर्ण मन्त्रालयको जिम्मेवारीमा तीन जना प्रतिनिधि हुनु सामान्य अवसर होइन । यसले रौतहटको स्वास्थ्य क्षेत्रमा दीर्घकालीन सुधारका लागि आवश्यक नीति, बजेट र कार्यान्वयनबीच समन्वय गर्ने ठूलो सम्भावना बोकेको छ।

तर जिल्लावासीले प्रदेश सरकारको नेतृत्वदेखि स्वास्थ्य मन्त्रालयसम्म रौतहटकै प्रतिनिधित्व हुँदा पनि गौर अस्पतालमा सीटी स्क्यानजस्तो अत्यावश्यक आधुनिक स्वास्थ्य उपकरण किन जडान हुन सकेन भन्दै प्रश्न गर्न थालेका छन्।

गम्भीर चोटपटक, टाउकोसम्बन्धी समस्या, मस्तिष्कघात, दुर्घटना तथा अन्य जटिल स्वास्थ्य अवस्थाका बिरामीको परीक्षण र उपचारमा सीटी स्क्यान महत्वपूर्ण मानिन्छ । यस्तो सुविधा नहुँदा बिरामी तथा उनका आफन्तले अतिरिक्त खर्च, समय र जोखिम बेहोर्नुपर्ने अवस्था छ।

**मधेशमा सीटी स्क्यान सेवाको असमान पहुँच**

सरकारी स्वास्थ्य संस्थाको अवस्था हेर्दा मधेश प्रदेशमा सीटी स्क्यान सेवा सीमित अस्पतालमा मात्र सञ्चालनमा रहेको देखिन्छ। वीरगञ्जको नारायणी अस्पताल, जनकपुरको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान र राजविराजस्थित गजेन्द्रनारायण सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानमा यस्तो सेवा सञ्चालनमा छ।

बारा, रौतहट, सर्लाही, महोत्तरी र सिरहाका धेरै सरकारी अस्पतालमा भने सीटी स्क्यान सेवा उपलब्ध छैन। नारायणी अस्पताल र गजेन्द्रनारायण सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान संघीय सरकारअन्तर्गत रहेका छन्।

निजी क्षेत्रमा भने सिरहाको गोलबजारस्थित आरके अस्पताल तथा सर्लाहीको मलंगवास्थित तिरुपति बालाजी अस्पतालमा सीटी स्क्यान सेवा उपलब्ध रहेको बताइएको छ। यद्यपि निजी स्वास्थ्य संस्थामा उपलब्ध सेवाको पहुँच र खर्च सबै नागरिकका लागि सहज हुन सक्केको छैन।

यसैगरी, मधेश प्रदेशमा चुम्बकीय अनुनाद इमेजिङ (एमआरआई) सेवा पनि वीरगञ्ज र जनकपुरमा मात्र सीमित रहेको अवस्था छ । यसले प्रदेशको स्वास्थ्य पूर्वाधारमा रहेको क्षेत्रीय असमानतालाई थप उजागर गर्छ।

**शिक्षण अस्पताल बने विशेषज्ञ चिकित्सकको पहुँच बढ्ने अपेक्षा**

गौर प्रादेशिक अस्पताललाई मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत शिक्षण अस्पतालका रूपमा विकास गर्न सके जिल्लाको स्वास्थ्य क्षेत्रमा संरचनात्मक परिवर्तन ल्याउन सकिने सरोकारवालाको विश्वास छ।

रौतहटको गढीमाई नगरपालिका-धरमपुर निवासी चिकित्सक डा. रञ्जित यादवले सामाजिक सञ्जालमार्फत जिल्लाको स्वास्थ्य अवस्थाप्रति चिन्ता व्यक्त गरेका छन्।

उनले जिल्लाका तीन जना प्रभावशाली नेता प्रदेश सरकारमा महत्वपूर्ण जिम्मेवारीमा रहे पनि रौतहटको स्वास्थ्य अवस्था विकट पहाडी जिल्लाभन्दा पनि कमजोर हुनु दुःखद पक्ष भएको बताएका छन्।

डा. यादवका अनुसार प्रदेश सरकारले यस विषयलाई गम्भीरतापूर्वक लिएमा पहिलो चरणमा जिल्लाको आवश्यकता र बिरामीको चापअनुसार विशेषज्ञ चिकित्सक परिचालन गर्न सहज हुनेछ । दोस्रो, चिकित्साशास्त्रमा स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीको उपस्थिति र चिकित्सकीय प्रशिक्षणले बिरामीको उपचार सेवामा थप जनशक्ति र दक्षता जोड्न सक्छ । तेस्रो, शिक्षण अस्पतालको वातावरणले चिकित्सकलाई ठूला सहरमै केन्द्रित हुने प्रवृत्तिबाट बाहिर ल्याई जिल्ला अस्पतालमै काम गर्ने वातावरण निर्माण गर्न सहयोग पुऱ्याउन सक्छ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको अभ्यासलाई यसको उदाहरणका रूपमा लिन सकिने डा. यादवको तर्क छ । प्रतिष्ठानसँग आबद्ध अस्पताल तथा जिल्ला अस्पतालमा आवश्यकताअनुसार सामान्य चिकित्सा तथा पारिवारिक चिकित्साका विशेषज्ञ, स्त्रीरोग तथा प्रसूति विशेषज्ञ र बेहोस बनाउने चिकित्सकलगायत विशेषज्ञ चिकित्सक परिचालन गर्ने अभ्यासले दुर्गम क्षेत्रमा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्न सहयोग पुऱ्याएको उनको भनाइ छ।

त्यसैगरी, सुदूरपश्चिममा समेत शिक्षण अस्पतालको अवधारणाअन्तर्गत विभिन्न अस्पताललाई प्रतिष्ठानसँग आबद्ध गर्ने प्रयास हुँदै आएको छ।

**अब भवन होइन, चाहियो प्रभावकारी स्वास्थ्य सेवा**

गौर अस्पतालको भौतिक संरचना आकर्षक बनाउँदैमा स्वास्थ्य सेवा सुधार भएको मान्न सकिँदैन। अस्पतालमा भवनसँगै आवश्यक उपकरण, दक्ष जनशक्ति, विशेषज्ञ चिकित्सक र प्रभावकारी सेवा प्रणाली पनि उत्तिकै आवश्यक हुन्छ।

रौतहटवासीको अहिलेको मुख्य अपेक्षा पनि यही रहेको चिकित्सक प्रमोद ठाकुरले बताए।

"अस्पतालको भवन हेरेर गर्व गर्नलायक छ। तर बिरामी पर्दा उपचारका लागि जिल्ला बाहिर जान नपर्ने अवस्था सिर्जना हुनुपर्छ," ठाकुरले भने।

रौतहटबाटै मुख्यमन्त्री, अर्थमन्त्री र स्वास्थ्यमन्त्री रहेको वर्तमान अवस्थालाई जिल्लाको स्वास्थ्य पूर्वाधार सुधारका लागि ऐतिहासिक अवसरका रूपमा उपयोग गर्नुपर्ने उनको सुझाव छ।

गौर अस्पतालमा सीटी स्क्यान सेवा स्थापना, आवश्यक विशेषज्ञ चिकित्सकको व्यवस्था तथा मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग संस्थागत आबद्धता गराउन सके त्यसको प्रत्यक्ष लाभ हजारौं नागरिकले पाउने मत्सरीका शिक्षक वीरेन्द्र मिश्र बताउँछन्।

राजनीतिक प्रतिनिधित्वलाई नागरिकको स्वास्थ्य अधिकारसँग जोडेर ठोस परिणाममा रूपान्तरण गर्ने हो भने अहिलेको अवसर रौतहटको स्वास्थ्य क्षेत्रका लागि निर्णायक बन्न सक्छ। अन्यथा, "तीन जना मन्त्री, तर जिल्लाको स्वास्थ्य अवस्था उस्तै" भन्ने प्रश्न आगामी दिनमा अझ गम्भीर रूपमा उठ्ने निश्चित देखिन्छ।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।**

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,*
*मधेश प्रदेश सिरहा नेपाल*

## आजको राशिफल

**मेष :** आफ्नो साहस र पराक्रमका कारण जटिल कामहरू पनि सम्पादन गर्न सकिनेछ।

**बृष :** मीठो भोजन र बोलीको प्रभाव बढ्नेछ। धन सञ्चयका अवसरहरू मिल्न सक्छन्।

**मिथुन :** दिनको अघिल्लो भागमा मानसिक प्रसन्नता, मान-सम्मान र नयाँ कामको सुरुवात गर्ने अवसर प्राप्त हुनेछ।

**कर्कट :** सुरुमा खर्च बढ्न सक्ने वा काममा केही ढिलासुस्ती हुन सक्ने सम्भावना छ।

**सिंह :** आम्दानीका नयाँ स्रोतहरू फेला पर्ने र व्यापारमा लाभ हुने समय छ।

**कन्या :** कार्यक्षेत्रमा प्रतिष्ठा र पदोन्नतिको अवसर मिल्ने योग छ। वरिष्ठ व्यक्तिहरूको सहयोगले ठूला काम बन्नेछन्।

**तुला :** धार्मिक, आध्यात्मिक वा सामाजिक काममा रुचि बढ्नेछ। भाग्यको साथ पाइने हुनाले अघि सारेका योजनाहरू सफल हुनेछन्।

**वृश्चिक :** दिनको अघिल्लो भागमा स्वास्थ्य र खानपानमा विशेष ध्यान दिनुपर्नेछ।

**धनु :** व्यापार-व्यवसाय र साझेदारीका काममा दिनको सुरुमा राम्रो लाभ मिल्नेछ।

**मकर :** प्रतिस्पर्धीहरूलाई पछाडि पार्दै आफ्ना योजनाहरू सफल बनाउने दिन छ।

**कुम्भ :** बौद्धिक तथा सिर्जनात्मक काममा सफलता मिल्नेछ । विद्यार्थीहरूका लागि अध्ययनमा प्रगति हुने समय छ।

**मीन :** सुरुमा घरेलु वातावरण र पारिवारिक विषयमा अलि ध्यान दिनुपर्नेछ।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# मधेशमा बलात्कारको डरलाग्दो अवस्थाः महिलाभन्दा बालिका बढी, तीन वर्षमा ३३१ बलात्कृत

**अपन दैनिक संवाददाता**
**बारा, भदौ ०८ गते**



बारा जिल्लाको जीतपुर सिमराकी बालिका गरिमा चौधरीको घटना सेलाउन नपाउँदै भदौ ७ गते आइतबार सप्तरीमा एक तीन वर्षीय बालिका मृत फेला परेकी छिन्।

सप्तरीको शम्भुनाथ नगरपालिका वडा नम्बर -३ मा तीन वर्षीय सानिया खातुन आइतबार मृत फेला परेकी हुन्। स्थानीय इरफानकी ३ वर्षीय छोरी सानिया बिहान करिब ९ बजेपछि घरबाट एकाएक बेपत्ता भएकी थिइन्।

सानिया बेपत्ता भएको जानकारी परिवारको सदस्यले दिएपछि उनको खोजी गर्ने क्रममा घरदेखि करिब ६० मिटर पछाडि झाडीमा शव फेला परेको हो। घटना बारे प्रहरी अनुसन्धान सुरु गरिरहेका छन्। केही शंकास्पद व्यक्तिलाई पक्राउ समेत गरिएको छ। अनुसन्धान र पोष्टमार्टम रिपोर्ट आएपछि मात्रै घटनाको कारण अवस्था बारे केही भन्न सकिने सप्तरी प्रहरीको भनाई छ।

गत आइतवरदेखि हराई रहेकी जीतपुरसिमरा उपमहानगरपालिका-१ दशधुरेस्थित सुकुमवासी बस्तीकी तीन वर्षीय बालिका गरिमा चौधरीको शव तीन दिनपछि नजिकै एक सुनसान ठाउँबाट भेटिएको थियो। अनुसन्धानको क्रममा खोजविनमा सँगै रहेका दुई जनालाई प्रहरीले पक्राउ गरी अनुसन्धान प्रक्रिया अघि बढाइसक्केको छ।

गरिमा चौधरीको घटनालाई लिएर मधेश प्रदेशका ८ वटै जिल्लासहित संघीय राजधानी काठमाडौसहित देशका विभिन्न स्थान आन्दोलनले तातिएको छ। घटनामा लापरबाही गरेको भनी प्रहरीका अधिकारीहरूलाई कारबाही स्वरूप प्रधान कार्यालयमा तानिसकिएको छ।

अवस्था तनावग्रस्त गर्दै बन्दै गएपछि शनिवार राति गृहमन्त्री सुदन गुरुङसहितका ५ जना मन्त्रीको उपस्थितिमा गरिमा चौधरीको आमा बुवासँग तीन बुँदे सहमति गरी आन्दोलन स्थगित गरिएको छ।

बालिका बलात्कारका यी घटना प्रतिनिधिमूलक घटना मात्र हुन। मधेश प्रदेशमा बालिका बलात्कार घटनाको डरलाग्दो अवस्था छ। महिलाभन्दा बढी बालिका बलात्कार र यौनजन्य दुर्व्यवहारको सिकार भएकी छिन्।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सार्वजनिक गरेको नेपाल मानवअधिकार वर्ष पुस्तकको तथ्यांक अनुसार वर्ष सन् २०२३ देखि सन् २०२५ सम्म ३३१ कुल ६३० बलात्कारको घटनामा बलिकाको मात्रै ३३१ र महिलाको २९९ घटना रहेको छ।

बाँकी पृष्ठ ४ ▸▸

## भूमिप्रशासन कार्यालयकै परिसरमा वर्षौंदेखि ...............

खाली गराउने योजना तयार गरी मन्त्रालयमा पठाउने र स्वीकृतिपछि आवश्यक सुरक्षा प्रबन्ध तथा अन्य सहजीकरणसहित अतिक्रमण हटाउने कार्य अघि बढाउनुपर्ने व्यवस्था गरिएको छ।

सरकारी कार्यालयकै परिसरमा वर्षौंदेखि होटल, फोटोकपी तथा अन्य पसल सञ्चालन भइरहेकाले त्यस्ता संरचना कुन आधारमा निर्माण र सञ्चालनमा आएका हुन् भन्ने विषयमा स्पष्टता आवश्यक देखिएको छ। कार्यालय परिसरको जग्गा सार्वजनिक सम्पत्तिका रूपमा संरक्षण गर्नुपर्ने भएकाले सम्बन्धित निकायले संरचनाको कानुनी हैसियतबारे स्पष्ट पार्दै आवश्यक प्रक्रिया अघि बढाउनुपर्ने देखिन्छ।

भूमिप्रशासन कार्यालयले समेत ती संरचना हटाउने प्रयास भइरहेको र पुनः प्रक्रिया अघि बढाउने जनाएको अवस्थामा अब सरकारी कार्यालय परिसरलाई निजी व्यवसायबाट मुक्त गरी व्यवस्थित बनाउने काम कसरी अघि बढ्छ भन्ने विषय चासोको रूपमा हेरिएको छ।




# रास्वपा सांसदसँग छैन प्रधानमन्त्रीलाई सोध्ने प्रश्न

## ७ जनाले सोध्न पाउनेमा ३ जनाले मात्र दर्ता गरे प्रश्न

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०८ गते**



सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरूले प्रधानमन्त्री वालेन्द्र शाहलाई प्रश्न सोध्न अरूचि देखाएका छन्।

प्रधानमन्त्रीसँग भदौ १० गते प्रतिनिधि सभा बैठकमा प्रत्यक्ष प्रश्नोत्तरको कार्यक्रम छ।

सभामुख डोलप्रसाद अर्यालले सांसदहरूलाई भदौ ५ गतेभित्र प्रश्न दर्ता गर्न समय दिएका थिए। सभामुखले उक्त दिन १५ सांसदले प्रधानमन्त्रीलाई प्रश्न सोध्ने व्यवस्था मिलाएका थिए।

प्रतिनिधि सभामा प्रतिनिधत्व गर्ने सबै दललाई कम्तिमा एउटा प्रश्न सोध्न दिने र बाँकी प्रश्न दलीय उपस्थितिका आधारमा सोध्न दिने घोषणा सभामुखले गरेका थिए।

जसअनुसार रास्वपा सांसदहरूले ७ वटा प्रश्न सोध्न पाउँथे। नेपाली कांग्रेसले २, नेकपा एमालेले २, नेपाली कम्युनिष्ट पार्टीले २ र श्रम संस्कृति पार्टी र राप्रपा नेपालले क्रमश एक एक प्रश्न सोध्न पाउँथे।

तर रास्वपाका केवल ३ जना सांसदले प्रश्न दर्ता गराएको पाइएको छ।

सांसद अमरेशकुमार सिंह, समीक्षा बास्कोटा र कृष्णहरि बुढाथोकीले मात्र प्रश्न दर्ता गराएका हुन्। जबकि रास्वपाका थप चार सांसदले प्रश्न सोध्न पाउँथे।

प्रश्न दर्ता गराउने सत्तारूढ सांसद सिंह पछिल्लो समय सरकारका कुटु आलोचकका रूपमा देखिएका छन्। उनले पछिल्लो पटक सरकारको प्रभाव र विश्वास घट्दै गएको टिप्पणी गरेका छन्। त्यस्तै अहिलेको सरकार बनेपछि अराजकता आएको जस्ता धारणा राख्ने गरेका छन्।

प्रश्न सोध्न नाम टिपाएका बाँकी

बाँकी पृष्ठ ४ ▸▸

## संघीय सरकारको सहमतिबिनै भारत भ्रमणमा मधेशका ............

प्रक्रियाबारे प्रश्न उठाएको छ।

मुख्यमन्त्री यादवले भने आफू सरकारी प्रतिनिधिमण्डलको औपचारिक भ्रमणमा नभई व्यक्तिगत धार्मिक भ्रमणमा गएको स्पष्ट पारे। धार्मिक भ्रमण भएकाले संघीय सरकारसँग सहमति नलिएको उनको भनाइ छ।

'व्यक्तिगत धार्मिक भ्रमण भएकाले संघीय सरकारको सहमति लिएको होइन,' यादवले भने।

उनका अनुसार शुक्रबार भारत गएर आइतबार राति नै प्रदेश फर्किएका हुन्।

## रक्षाबन्धनको रौनकले गुञ्जियो मधेश, बजारदेखि ...............

कारोबारसमेत बढ्न थालेको छ। व्यवसायीले विभिन्न डिजाइन, रङ र आकारका रेडिमेड राखी बिक्रीका लागि ल्याएका छन्। आकर्षक राखी तथा सजावटी सामग्रीले पसलहरू सजिन थालेका छन्।

राजविराजका व्यवसायी अजयकुमार साहका अनुसार पछिल्ला वर्षमा ग्राहकको रोजाइ आधुनिक तथा आकर्षक डिजाइनका रेडिमेड राखीतर्फ बढी केन्द्रित भएको छ। परम्परागत धागोबाट बनाइने राखीको बिक्री तुलनात्मक रूपमा घट्दै गएको उनले बताए।

रक्षाबन्धनले दाजुभाइ तथा दिदीबहिनीबीचको सम्बन्धलाई अझ सुदृढ बनाउने विश्वास गरिन्छ। यस अवसरमा दिदीबहिनीले भाइको हातमा राखी बाँधेर दीर्घायु, सुख, समृद्धि र सफलताको कामना गर्ने तथा भाइले दिदीबहिनीको सम्मान र संरक्षणको प्रतिबद्धता जनाउने परम्परा छ।

राखी बाँधेपछि भाइहरूले आफ्नो क्षमताअनुसार दिदीबहिनीलाई मिठाइ, कपडा, नगद तथा अन्य उपहार दिने चलनसमेत छ। समयसँगै उपहारको स्वरूप परिवर्तन भए पनि दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेम र आत्मीयता नै पर्वको मूल भावका रूपमा कायम रहेको छ।

मधेशमा रक्षाबन्धनको आफ्नै सामाजिक तथा सांस्कृतिक विशेषता छ। विभिन्न समुदायले आ-आफ्नो परम्परा र संस्कृतिअनुसार पर्व मनाउँदै आए पनि पारिवारिक सम्बन्ध, स्नेह र विश्वासलाई सुदृढ बनाउने साझा भावना यस पर्वको मुख्य विशेषता बनेको छ।


पण्डित बद्रीनारायण झाका अनुसार यस वर्ष साउन शुक्ल पूर्णिमाका दिन मनाइने रक्षाबन्धन भदौ १२ गते शुक्रबार परेको छ। पर्व नजिकिँदै जाँदा बजारमा राखी तथा मिठाइको कारोबार बढेको छ भने गाउँ-टोलमा गुञ्जिने रक्षाबन्धनका गीतले वातावरणलाई थप उल्लासमय बनाएको छ।

६७ वर्षीय प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झाका अनुसार आधुनिकतासँगै राखीको स्वरूप र उपहार दिने शैलीमा परिवर्तन आए पनि रक्षाबन्धनले बोकेको प्रेम, विश्वास र आत्मीयताको भावना पुस्तौंदेखि जीवित छ। उनका अनुसार मधेशमा गुञ्जिन थालेको रक्षाबन्धनको धुनले सांस्कृतिक विरासत र पारिवारिक आत्मीयतालाई नयाँ पुस्तासम्म जोड्ने काम गरिरहेको छ।






# सिमरा घटनाका आरोपीको भिडियो सामाजिक सञ्जालमा, प्रहरीले थाल्यो छानबिन



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ ०८ गते**

बाराको सिमरामा ३ वर्षीया गरिमा चौधरीको बलात्कार र हत्यामा संलग्न आरोपीको भिडियो सामाजिक सञ्जालमा छताछुल्ल भएको छ।

बालिकाको बलात्कार र हत्या आरोपमा पक्राउ परेका १६ वर्षीय किशोरले घटनाबारे बोलेको भिडियो सामाजिक सञ्जालमा पोस्ट गरिएको हो।

अनुसन्धानको क्रममा भएको विषय र आरोपीको भनाई सार्वजनिक भएसँगै प्रहरीको अनुसन्धान प्रक्रियामाथि नै प्रश्न उठेको छ। सामाजिक सञ्जालमा अपलोड गरिएको भिडियोमा आरोपी किशोरले घटनाको योजना कसरी बन्यो र कसरी बलात्कारपछि हत्या गरिएको थियो भन्नेबारे खुलाएका छन्।

उनले आफू र जितपुर सिमरा उपमहानगरपालिका घर भएका प्रदीप खड्का मिलेर बालिकालाई पहिले बलात्कार र त्यसपछि हत्या गरेको खुलाएका छन्। त्यसरी अनुसन्धानको विषय बाहिर आएपछि जिल्ला प्रहरी कार्यालय बाराले घटनाबारे छानबिन थालेको जानकारी दिएको छ।

बाराका एसपी नरेन्द्र कुँवरले भिडियो कसरी बाहिरियो भन्नेबारे छानबिन सुरु गरिएको बताए। उनले भने, 'अस्पतालमा चिकित्सकहरूले सोधपुछ गरेको भिडियो लिक भएको छ, त्यसबारे हामीले छानबिन सुरु गरेका छौं।'

जिल्ला प्रहरी कार्यालय बाराका डीएसपी मीन बहादुर घले नेतृत्वको टिमले त्यसबारे छानबिन सुरु गरेको हो।

## मधेशमा बलात्कारको डरलाग्दो अवस्था .............

इन्सेकको विवरण अनुसार सबैभन्दा बढी बालिका बलात्कारको घटना सन् २०२४ मा र महिलाको सन् २०२५ मा १२३ वटा भएको हो। बालिकातर्फ सन् २०२५ मा १०१ र सन् २०२३ मा एक सयवटा बलात्कार घटना भएको हो। महिलातर्फ वार्षिक विवरण अनुसार सन् २०२४ मा ९७ र सन् २०२३ मा ७९ वटा घटना भएको इन्सेकले जारी गरेको मानवअधिकार वर्षमा उल्लेख छ।

गत तीन वर्षको तथ्यांक हेर्ने हो भने मधेशका जिल्ला मध्ये सबभन्दा बढी बालिका बलात्कार घटना सर्लाहीमा ६७ वटा घटना भएको हो। अन्य जिल्लाहरूमा सप्तरीमा ५५, सिरहामा ५३, धनुषामा २७, महोत्तरीमा २६, रौतहटमा २८, बारामा ३५ र पर्सामा ४० वटा भएको हो।

यसरी महिलातर्फ सबभन्दा बढी धनुषा जिल्लामा ९७ वटा बलात्कार घटना भएको हो। अन्य जिल्लातर्फ सप्तरीमा २९ वटा घटना भएको जसमध्ये सन् २०२५ मा एउटा पनि घटना दर्ज भएको छैन। सिरहामा ४३, महोत्तरीमा २५, सर्लाहीमा २४, रौतहटमा ३२, बारामा २२ र पर्सामा २७ वटा बलात्कार घटना रहेको इन्सेकको तथ्यांकमा उल्लेख छ।

**किन बढ्दैछ बलात्कार घटना ?**

उमेर नपुगेका खासगरी किशोरावस्थाको बालिका बढी बलात्कारको सिकार भइरहेको सरोकारवाला विज्ञहरूको भनाई छ। बालिका बलात्कार घटना बढ्नुको प्रमुख कारण सामाजिक सञ्जाल रहेका, नैतिकताको कमी, यौन शिक्षा र अभिभावकमा सचेतनाको अभावले बढेको सरोकारवालाहरूको भनाई छ।

बलात्कार घटनाको अनुसन्धानमा संलग्न प्रहरी अधिकारीहरूका अनुसार तथ्यांकगत रूपमा हेर्दा सबभन्दा बढी १२/१३ वर्षदेखि १० वर्ष मुनिका बालिका बलात्कार घटनाको सिकार रहेकी छिन्। जसको प्रमुख कारण हो सामाजिक सञ्जाल। सामाजिक सञ्जालमा विभिन्न उत्तेजक दृश्य हेर्ने, साथी बनाउने र शारीरिक सम्पर्कमा संलग्न हुने गरेका छन्। अभिभावकको दबाबपछि बलात्कार मुद्दा दर्ता। लागू औषध र मदिरा सेवन पनि उतिकै कारण रहेको प्रहरी अधिकारीहरूको भनाई छ। उनीहरू भन्छन् लागू औषध र मदिरा सेवनपछि यौनिकता तृष्णा मेट्न सहज ढंगबाट नपाइएपछि बलात्कार जस्ता जघन्य घटनामा लाग्ने गरेका छन्। यस्ता व्यक्तिहरू छिमेकका बाल्यावस्था (कम उमेर) का बालिका टार्गेट गर्ने गरेका छन्।

अभिभावकहरू सचेत नरहेको कारण पनि कम उमेर समूहका बालिकाहरू बलात्कारका सिकार भइरहेको उनीहरूको भनाई छ। आफ्नो बालबालिका कता जान्छन्, के गर्छन् लगायतका कुरामा अभिभावकहरू सचेत नभएको कारणले पनि बालिका बलात्कार घटना बढेको हो।

यस्तै मानवअधिकारकर्मी एवं अधिवक्ता रेखा झाले सामाजिक सञ्जालको बढी प्रयोग र दुरुपयोग, नैतिक शिक्षा र यौन शिक्षाको अभाव तथा अभिभावकमा अभिभावकत्वको कमीले बालिका बलात्कार घटना बढिरहेको बताउँछिन्।

उनले भनिन् 'सामाजिक सञ्जाल अहिले निकै छाडा भइसकेको छ। पैसा कमाउने होडमा सामाजिक सञ्जालको विभिन्न प्लेटफार्ममा राखिएका कामुकता उत्तेजक दृश्यमा नियन्त्रण आवश्यक छ। यसले समाजका बालबालिकामा निकै नकारात्मक पारेर बलात्कार जस्ता घटनाको अवस्था पुऱ्याउँछ।

समाज र परिवार के हो भन्ने नैतिकता हराउँदै गएको छ। यसका लागि नैतिक शिक्षा र गुड टच तथा ब्याड टच, उमेर समूहमा नपुगेपछि गरिएको शारीरिक सम्पर्कले पार्ने असर बारे बालबालिकामा शिक्षा दिन आवश्यक छ। सबभन्दा महत्त्वपूर्ण अभिभावकमा अहिले अभिभावकत्व हराउँदै गएको छ। बढ्दै गएको आधुनिकताले अभिभावकहरू नै बालबालिका सामु नै सामाजिक सञ्जालमा नाचगान सहितको उत्तेजक दृश्य बनाउने क्रियाकलापले बालबालिकामा नकारात्मक असर पार्ने गरेको छ।

अभिभावकहरू आफ्ना बालबालिकाप्रति गम्भीर छैनन्। जागिरमा रहेका आमा कम उमेरका बालबालिकालाई छाडेर डियुटीमा जाँदा त्यसका बालबालिकाको हेरचाह र पालनपोषणमा हुने लापरबाहीले पनि यस्ता घटनालाई निम्त्याउने गरिएको छ। उमेर समूहको अनुसार पीडितको अवस्था हेरेर मृत्युदण्डसम्मको कडा कानुनको व्यवस्था आवश्यक छ। कडा कानुन आएको अवस्थामा कम उमेर बालिकाहरू बलात्कार र बलात्कारपछि हत्या जस्ता घटनामा कमी आउने उनको भनाई छ।

हिंसकेका मधेश प्रदेश प्रतिनिधि एवं मानवअधिकारकर्मी राजु पासवानले विभिन्न सामाजिक सञ्जालको दुरुपयोग, प्रलोभनमा पर्नु, बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय कानुनको अवलम्बन नगर्नु र सामाजिक प्रतिष्ठाको कारणले बालिका बलात्कारको घटना तथ्यांकगत रूपमा बढी देखिएको बताउँछन्।

उनी भन्छन् 'सिकाइको उमेर समूह किशोरावस्थामा बालबालिकाहरू विभिन्न प्रलोभनमा पर्नु र सामाजिक सञ्जालमा उत्तेजक दृश्यहरूको बढी प्रयोगले कामुकतातर्फ केन्द्रित गरेका कारण बलात्कार जस्ता घटना हुने गरेको विभिन्न मुद्दामा देखिएको छ। यसमा नियन्त्रण र कानुनी व्यवस्थाको आवश्यकता छ।'

पासवानले थप्दै भने 'यी बाहेक उमेर नपुगेका बालबालिका सहमतिमा पनि शारीरिक सम्पर्क गरेमा नेपालमा बलात्कार मान्ने कानुनले गर्दा पनि तथ्यांक रूपमा घटना बढेको हो। यसका लागि विभिन्न अन्तर्राष्ट्रिय कानुनमा गरिएको सहमति शारीरिक सम्बन्धी व्यवस्था कार्यान्वयन गरेको अवस्था सङ्ख्यात्मक रूपमा घटना घट्छ।'

सबभन्दा गम्भीर कुरा स्कूले उमेरमा बालबालिकाहरू सहमतिमा शारीरिक सम्पर्क गर्छन् र अभिभावकले थाहा पाएपछि अपहरण, बलात्कार जस्ता मुद्दा लगाउने गरेको कारण पनि बलात्कारको घटना सङ्ख्यात्मक बढेको हो। यस्ता मुद्दामा उमेर समूह अनुसारको कानुन आवश्यक रहेको उनको भनाई छ।

# मधेश प्रदेशका सरकारद्वारा आठवटै जिल्ला प्रहरी कार्यालयलाई पिकअप भ्यान हस्तान्तरण



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ ०८ गते**

मधेश प्रदेश सरकार अन्तर्गतको गृह, सञ्चार तथा कानुन मन्त्रालयले मधेश प्रदेशका आठवटै जिल्लाका जिल्ला प्रहरी कार्यालयलाई पिकअप सवारी साधन हस्तान्तरण गरेको छ।

मधेश प्रदेशका आठवटै जिल्लाका जिल्ला प्रहरी कार्यालयलाई एक/एक वटा साथै सर्लाही, रौतहट, चन्द्रपुर र गरुडा ईलाका प्रहरी कार्यालयलाई थप एक/एक वटा गरी जम्मा १२ वटा पिकअप प्रहरी भ्यान हस्तान्तरण गरिएको छ।

हस्तान्तरण गरिएको पिकअप भ्यानमा अपर इमरजेन्सी लाईट, साइरन, सेफ्टि बक्स किट, टुलबक्स, ट्राफिक लाईट हाइलाइटर स्टिक पनि समावेश रहेको छ।

प्रदेश सरकारले प्रत्येक वर्ष प्रदेशभरीका सुरक्षा निकायका निम्त बजेट छुट्याउने गरेको छ। यस वर्ष प्रति पिकअप ३९ लाख पाँच हजार रुपैयाँको रकम छुट्याइएको थियो।

अबको केही दिन पछि गृहमन्त्रालयकै तर्फबाट प्रदेशभरिका सस्त्र प्रहरी बल र नेपाल प्रहरीलाई ७० वटा मोटरसाईकल हस्तान्तरण गर्ने गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले जानकारी दिए।

उनले प्रदेश सरकार सुरक्षा निकायलाई चुस्त दुरुस्त बनाउन सदैव साकारात्मक रहेको उल्लेख गर्दै सम्पूर्ण सुरक्षा निकायलाई जनताको सेवालाई प्राथमिकतामा राखेर कार्य गर्न निर्देशन दिए।

गृहमन्त्री महतोले आठवटै जिल्लाका प्रहरी प्रमुखलाई मन्त्रालयसंग समन्वय गरेर कार्य गर्न आग्रह गरे। उनले स्रोत साधन वा अन्य कुनै भौतिक वा आर्थिक सहयोगको आवश्यकता भए मन्त्रालयलाई जानकारी गराउन आग्रह गरे।

गृहमन्त्री महतोले सुरक्षा व्यवस्थापनका निम्ति आफू र गृहमन्त्रालय २४ घण्टा उपलब्ध रहने प्रतिबद्धता जाहेर गरे।

## रास्वपा सांसदसँग छैन प्रधानमन्त्रीलाई सोध्ने ..............

दुई सांसदसमेत संसदीय समितिका सभापति हुन्। बास्कोटा कानुन न्याय तथा मानव अधिकार समिति र बुढाथोकी अर्थ समितिका सभापति छन्।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसकी प्रमुख सचेतक बासना थापा र सांसद गीता गुरूङले प्रश्न दर्ता गराएका छन्।

नेकपा एमालेका प्रमुख सचेतक ऐनबहादुर महर र सांसद गणेश सिंह ठगुन्नाले प्रश्न टिपाएका छन्।

नेकपाका सांसद वर्षमान पुन र प्रमेशकुमार हमालले प्रश्न दर्ता गराएका छन्।

श्रम संस्कृति पार्टी संसदीय दल नेता हर्कराज राई र राप्रपाकी प्रमुख सचेतक खुश्बु ओलीले प्रश्न दर्ता गराएका छन्।

रास्वपा सांसदहरूले प्रश्न दर्ता गर्न किन अरूचि देखाए भन्ने खुलेको छैन।

जबकि रास्वपा महामन्त्रीसमेत रहेका सांसद विपिनकुमार आचार्यले नै संसदमा प्रधानमन्त्री र मन्त्रीसँग प्रश्नोत्तर हुनुपर्ने धारणा राखेका थिए। प्रतिनिधि सभा बैठकमा रास्वपाकै सांसदहरूले प्रधानमन्त्रीलाई प्रश्न पनि सोधिरहेका छन्।

मंगलबार सांसद पारसमणि गेलालले कोशी कटानको विषयमा प्रधानमन्त्रीमाथि विश्वास रहेको भन्दै आफूले कार्यालयमा समेत पत्र दर्ता गराएको बताएका थिए।

अर्का सांसद मनिष झाले प्रधानमन्त्रीलाई लक्ष्य गर्दै केही दिनअघि संसदमै राज्य सञ्चालनको ढंग सुधार्नुपर्ने र कालो चस्मा खोल्नुपर्ने टिप्पणीसमेत गरेका थिए।

## 'हेरिटेज वाक'मा अटेरी गर्दै ............

परिणाम आएपछि गंगासागरको डिलमा बनाइएको हेरिटेज वाकमा पसलहरू थापिएका थिए। हेरिटेज वाकलाई नै भद्रगोल बनाउने गरी चारैतिर असरल्ल पसलहरू थापिएका थिए। पछि त, कठघेरा नै हालेर स्थायी रूपमा पसलहरू सञ्चालनमा ल्याइयो। हेरिटेज वाकमा बजार लगाइएको चौतर्फी विरोध भएपछि मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले जनकपुरको फुटपाथ क्लियर गराउने क्रममा त्यो बजारमा पनि डोजर चलाएका थिए।

प्रदेश सरकारका मन्त्री महतोले हेरिटेज वाकबाट बजार हटाएको केही दिनमा फेरि त्यहाँ पसलहरू थापिएका छन्। जनकपुरधाम उपमहानगरले हेरिटेज वाक कब्जा गरेर बसेका व्यापारीलाई नजिकैको जनक चोकमा रहेको मिना बजारमा स्थानान्तरण गराएका थिए।

तर, मिना बजारमा नगएर फेरि हेरिटेज वाकमै पसलहरू थापिएका छन्। जनकपुर उपमहानगरका प्रमुख मनोजकुमार साहले हेरिटेज वाकमा फेरि लगाइएको बजार खाली गराउन पहल भइरहेको बताए। 'हामीले नजिकैको मिना बजारमा जान व्यापारीहरूलाई भनिसकेका छौं,' प्रमुख साहले भने, 'अटेरी गरी हेरिटेज वाकमा लगाइएको बजार खाली गराइनेछ।'

मिना बजार व्यवस्थापन समितिका अध्यक्ष दिलीप साहले करिब दुई सयभन्दा बढी पसल मिना बजारमा रहेको र हेरिटेज वाकमा फेरि लगाइएको बजारले समस्या भइरहेको बताए। 'मिना बजारलाई व्यवस्थित बनाइएको छ। बिजुली, खानेपानी, शौचालय सबैको प्रबन्ध छ,' साहले भने, 'गंगासागरको हेरिटेज वाकमा रहेको बजार खाली हुनुपर्छ। यसले सबैखाले व्यापारमा असर परेको छ।'

